# हलखोरिया मा विघटनकारी स्थानीयबासी

2 9 2014 / Updated on 17 10 2014




मिति २०७१/५/१६ (१ सेप्टेम्वर, २०१४) को रातमा एउटा दु:खद एवं हिंसात्मक निन्दनीय घटना घट्यो । रतनपुर गाउँका ५ जना मदीरा सेवन गरी मातेका युवाहरु पवीत्र स्थल हलखोरिया जंगलको तपोवन क्षेत्रमा महासम्बोधि धर्मसंघका गुरुलाई अपमान एवं वद्नाम गर्ने उद्देश्यले अपशब्दहरुको वर्षा गर्दै महासम्बोधि गुरुतर्फ खनिन पुगे । गुरुसंगै रहेका अनुयायीहरुले ती मदीरा सेवन गरी मातेका युवाहरुलाई शान्त पार्न प्रयास गरे तर ती मदीरा सेवन गरी मातेका युवाहरु झन् डरलाग्दा भएर प्रस्तुत भए । घनाजंगलमा रात छिपिसकेकोले गुरुका अनुयायीहरुले ती मदीरा सेवन गरी मातेका युवाहरुलाई गुरुको घरभित्र सुरक्षितसाथ बासको ब्यबस्था गरेका थिए । गुरु स्वयम्ले नै पहल गरी बाराका स्थानीयवासीहरुलाई नै सम्पर्क गरी प्रहरीप्रशासनलाई खबर गरी समस्यामा ती युवाहरुलाई अल्झाउन नचाहेरै भोलिपल्ट ती ५ मदीरा सेवन गरी मातेका युवाहरुलाई स्थानीयवासीहरुलाई नै जिम्मा लगाउने टुङ्गो भएको थियो । तर दुभाग्यवस २ जना युवाहरुले मात्र उक्त प्रस्तावलाई स्वीकार गरे भने बाँकि ३ जनाले अस्वीकार गरी त्यहाँबाट भागे । सायद ती भागीगएका मदीरा सेवन गरी मातेका युवाहरुको एकतर्फी कुरालाई मनन गर्दै भोलिपल्ट सवेरै विहान

रतनपुरका करीब २०० जना गाउ'ंलेहरु हातहातमा लाठी र खुकुरी (हातहतियार) लिएर हलखोरिया जंगलको तपोवन क्षेत्रमा प्रवेश गरे र गुरुका अनुयायीहरुमाथि आक्रमण गर्न आइलागे । जुन हलखोरिया जंगलको तपोवन क्षेत्रमा महन्तिनीहरु तथा सन्यासीहरु समेत गरी जम्मा २० जना रहदै आएका थिए । त्यो हुलले ती महन्तिनीहरु तथा सन्यासीहरुलाई अस्पतालमा नै उपचार गराउन भर्ना गर्नुपर्ने गरी आक्रमण गरेका थिए । गुरुको चालकलाई पनि चारैतिरबाट घेरेर नराम्ररी पिटियो जुन पिटाइका कारण उनलाई टाउकोमा गम्भीर चोट लागेको र अत्यधिक रक्तश्राव भएको थियो । ती आक्रमणमा सहभागीहरु जसको मनमा घृणा र रीस मात्रै भएको हिंस्रक र उत्तेजक बर्बर कार्य जुन जहिले पनि निन्दनीय छ गरी भागे । त्यसको केहि समय पश्चात औपचारिकता पूरा गर्नको लागि प्रहरी र सञ्चारकर्मीहरु घटनास्थलमा आएका थिए । त्यहांको यथार्थ स्थिति बुझ्नुको अलवा सञ्चारकर्मीहरुले जानीजानी बुझपचाएरै रतनपुरका गाउंले तथा युवाहरुलाई संरक्षण गर्ने कलुसित मनोभाव राखी गुरु र उनका अनुयायीहरुलाई होच्याउने खालका गलत समाचारहरु सम्प्रेसण गर्न हिचकिचाएनन्, यो आश्चर्य र उदेकलाग्दो छ । समाचारमा गलत ढंगले धर्मसंघका गुरुले गाउंले युवाहरुलाई उनीहरुको इच्छा विपरित जंगलमा वन्दि बनाई आक्रमण गरी घाइते बनाईएको कपोलकल्पित सूचना सम्प्रेशण गरियो र वदनाम गर्ने कोशिस भयो । सो घटनामा गाउंले तथा युवाहरु सुरक्षित रहेको र हलखोरिया जंगलको तपोवन क्षेत्रमा रहदै आएका अनुयायीहरु गम्भिर रुपमा घाइते भएका थिए तर यसलाई उल्टो चित्रण गरियो । यो अनर्थ समाचारका पाठकहरुले आश्चर्यचकित रुपमा उक्त गलत समाचारलाई सांचो हो कि के हो भनि अलमलिन पुगे । यो सूचना सम्प्रेसणले पाठकहरुले हलखोरिया जंगलको तपोवन क्षेत्रमा जसले सम्पूर्ण चीज त्याग गरी मोक्ष प्राप्तिका लागि बसेका ती गुरुले यो हदसम्म गरे भनी गलत धारणा बनाउन पुगे । सञ्चारकर्मीहरुले गुरुप्रति गरेको यस्तो अमानवीय एवं निन्दनीय व्यबहार पक्कै पनि पहिलो पल्ट भने होइन । गुरुलाई अपशब्द प्रयोग गर्दै किन रतनपुरका मदीरा सेवन गरी मातेका युवाहरु ६ किलोमिटर जंगल भित्र प्रवेश गरी उनीहरुले मिडिया (सञ्चारकर्मी) समक्ष किन आफू पानी खोज्नको लागि जंगल प्रवेश गरेको बताए ? र किन रतनपुका वासिन्दाहरुले मदीरा सेवन गरी मातेका युवाहरुलाई लिन आउन गरेको वाचा विपरित हातहतियार सहित आक्रमण् गर्न उद्देलित भएर आए ? आफ्रा २ युवाहरुलाई गुरुको आश्रमभित्र सुरक्षित रहेको देखि देखि पनि किन जंगलमा ध्यान गरिरहेका अनुयायीहरु मथि आक्रमण गरे ? यसरी क्रमवद्ध रुपमा भएको घटनाले सञ्चारकर्मीहरुले जनतामाझ फैलाएको समाचार गलत एवं झुट भएको कुरा पुष्टि हुन्छ । के यो नाटकीय घटनाको पछाडी कुनै लुकेको स्वार्थ छैन त ? प्रश्न चिन्ह खडा हुन्छ । अन्यथा किन जंगलका ध्यानकर्ताहरुलाई चारैतिरबाट घेरी हिंसात्मक रुपमा लाठी तथा मुक्काहरु प्रहार गरियो ? अनि आश्चर्यजनक रुपमा पुनरावेदन अदालतले गुरु जंगलमा बस्न पाउने अधिकार भएको फैसला गर्ने अघिल्लो रातमा यस्तो विध्वम्सकारी घटना घटाइनुको पछाडीको थप रहस्या लुकेको सहज अनुमान गर्न सकिन्छ । के उक्त घटना घटाउनुको पछाडी अदालन समक्ष स्थानीयवासीको हदैसम्मको रीस र आक्रोश देखाउन खोजिएको त थिएन जसको फलस्वरुप अदालतको फैसलालाई प्रभावित पार्न सकोस । जेहोस, सञ्चारकर्मीहरु सार्वजनिक रुपमा जतिसुकै गुरुको विरुद्ध खनिए पनि अन्ततः पुनरावेदन अदालतले २०७१/५/१८ (३ सेप्टेम्वर, २०१४) का निद महासम्बोधि धर्म संघका गुरुलाई हल्खोरिया जंगलमा स्थायी रुपमा बस्न पाउने अधिकार रहेको फैसला सुनाएको छ । ती षड्यन्त्रका तानावाना बुन्ने र क्षणिक फाइदामा कुद्ने ती स्थानीयवासीहरु तथा सञ्चारमाध्यमहरुका लागि भने यो निर्णयले वज्रमुक्का प्रहार गरेको छ र तिनीहरु मर्माहत भएको अनुमान गर्न सकिन्छ । ती षड्यन्त्रका योजनाकार तथा सहभागीहरुको पनि बुद्धि फिरोस भन्ने कामना गर्नु बाहेक हामी

उनीहरुको कुभलो चिताउने छैनौ । किन कि उनीहरु पनि हाम्रा दाजुभाई नै हुन् र उनीहरुलाई समेत मुक्तिको मार्ग आवश्यक छ ।

http://maitriya.info/ne/news/176